मिति २०७९।०२।२० गते वसेको कार्यपालिका वैठकको प्रस्तावहरु :

१.समिक्षा सम्बन्धमा ।

२.धन्यवाद ज्ञापन सम्बन्धमा ।

३.योजना तर्जुमा सम्बन्धमा ।

४.नगरसभा सम्बन्धमा ।

५.कोल्ड चेन स्टोर तथा तालिम हल निर्माण सम्बन्धमा ।

६.त्रिपाल र तारजाली खरिद सम्बन्धमा ।

७.व्यक्तिगत घटना दर्ता शिविर सम्बन्धमा ।

८.प्रकोप व्यवस्थापन कोषमा रहेको रकम विनियोजन सम्बन्धमा ।

९.मालपोत रजिष्ट्रेशन तर्फको आयबाट रु.५ लाख विनियोजन गरी भुक्तानी दिने सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

**मिति २०७९।०२।२० गते वसेको कार्यपालिका वैठकका निर्णयहरु:**

**निर्णय नं १ :** प्रस्ताव नं. १ उपर छलफल गर्दा यस अघि सम्पन्न कार्यपालिका वैठकको कार्यन्वयनको वारेमा समीक्षा गरियो ।

**निर्णय नं २ :** प्रस्ताव नं. २ उपर छलफल गर्दा मिति २०७९ वैसाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन निष्पक्ष रुपमा सम्पन्न गर्न सहयोग पु-याउनु हुने सम्पूर्ण कर्मचारी ,शिक्षक,सुरक्षा निकाय लगायत आम मतदाता प्रति आभार एवं धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** प्रस्ताव नं. ३ उपर छलफल गर्दा आगामी आ.व.०७९।०८० को नगर सभा समक्ष वडा स्तरिय योजना पेश गर्नका लागि वडाका सवै पक्षलाई सहभागी गराएर गुनासो रहित तरिकाले वडा,नगर, प्रदेश तथा केन्द्रिय स्तरका योजना तर्जुमा र प्राथमिकिकरण गरी मिति २०७९।०२।२९ गते सम्ममा न.पा.मा पेश गर्ने तथा आगामी कार्यपालिका वैठक मिति २०७९।०२।२५ गते दिनको ११:०० वजे वस्ने निर्णय गरियो ।

**निर्णय नं ४ :** प्रस्ताव नं. ४ उपर छलफल गर्दा आ.व.०७९।०८० को दशौं नगर सभा मिति २०७९।०३।१० गते विहान ११: ०० वजे नगरसभा हलमा वस्ने निर्णय गरियो । साथै सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई एजेण्डा सहित ७ दिन अगावै पत्राचार गर्न न.पा. कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ५ :** प्रस्ताव नं. ५ उपर छलफल गर्दा गोरखा नगरपालिका भित्र रहेका वालवालिकाहरुलाई नियमित खोप तथा अभियानमा संचालन हुने खोप व्यवस्थापनका लागि कोल्ड चेन ,औषधी भण्डार तथा स्वास्थ्व कर्मीहरुका लागि मिटिङ् तथा तालिम संचालका लागि स्वास्थ्व तथा जनसंख्या मंत्रालय संग भवन माग गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** प्रस्ताव नं. ६ उपर छलफल गर्दा निकट भविष्यमा आउन सक्ने मनसुन जन्य विपद पूर्व तयारीको लागि विपद व्यवस्थापन कोषमा रहेको रकम मध्येवाट रु ५ लाखको तारजाली र रु ५ लाखको त्रिपाल खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** प्रस्ताव नं. ७ उपर छलफल गर्दा व्यक्तिगत घटना दर्ता शिविर मिति २०७९।०३।०२ गते देखि वडा वडामा गई वडा अध्यक्षको समन्वयमा मिति,स्थान र समय तोकी सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८:** प्रस्ताव नं ८ उपर छलफल गर्दा खोलखोलेदेखि न.पा. गेट सम्म सडक स्तरोन्नतीमा सडक बोर्डबाट प्राप्त हुनु पर्ने रु. १ करोड १५ लाख मध्ये हाल ३४,५०,०००।- मात्र प्राप्त भएको तर ठेकेदार कम्पनीले ९१ लाखको बिल पेश गरेकोमा न.पा.कोषमा रकम अभाव भएकोले कृषि विकाश शाखाको आन्तरीक तर्फको चालु आ.व.मा छुट्याईएको देहायको कार्यक्रम नहुने भनी शाखाले जानकारी

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण ... मगर
नगर प्रमुख

गराएको तथा प्रकोप व्यवस्थापन कोषमा रहेको रकम मध्येबाट २५ लाख गरी कूल ४५ लाख रकम विनियोजन गरी उक्त कृश्चल होम ए वान जे.भीलाई भुक्तानी दिने निर्णय गरियो ।

निम्न:

१.सिमान्तकृत समुदायका लागि तरकारी खेती लक्षित कार्यक्रम रु. ३ लाख

२. प्लाष्टिक घर निर्माण ५० प्रतिशत अनुदान रु. १० लाख

३.एक वडा एक तरकारी नर्सरी ७५ प्रतिशत अनुदान रु ७ लाख

**निर्णय नं ८:** प्रस्ताव नं ८ उपर छलफल गर्दा दीगो विकासको लक्ष्य स्थानीयकरण नीति,कार्ययोजना LISA मा अत्यन्त आवश्यक रहेको र नगरपालिकाले नीति बनाउन पोजेटिभ भाईब्रेशन नेपाल प्रा.लि सँग मिति २०७८।११।२६ मा भएको सम्झौता बमोजिम उक्त संस्थाले मिति २०७९.०२।२९ गते नगरपालिकामा प्रस्तुतीकरण गरी प्रतिवेदन पेश गरेको र नगरपालिकामा परामर्श सेवामा रकम नभएकोले मालपोत रजिष्ट्रेशन तर्फको आयबाट रु.५ लाख विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

**मिति २०७९।०२।२५ गते बस्ने कार्यपालिका बैठकका एजेण्डाहरु :**

१.समिक्षा सम्बन्धमा ।

२. पाईप खरिद सम्बन्धमा (रु १० लाख)

३.स्थानीय राजश्व परामर्श समिति गठन सम्बन्धमा (दफा ६५)

४.श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन सम्बन्धमा (दफा ६६)

५.अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्बन्धमा ।

६.आर्थिक विकास क्षेत्र गठन सम्बन्धमा ।

७.पूर्वाधार विकास क्षेत्र गठन सम्बन्धमा ।

८.सामाजिक विकास क्षेत्र गठन सम्बन्धमा ।

९.वन , वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र गठन सम्बन्धमा ।

१०.सुशासन तथा संस्थागत विकास क्षेत्र गठन सम्बन्धमा ।

११.बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा ।

१२.बैंक ग्यारेन्टी फुकुवा सम्बन्धमा ।

१३. विविध ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

मिति २०७९।०२।२५ गते बस्ने कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं १ : प्रस्ताव नं. १ उपर छलफल गर्दा यस अघि सम्पन्न कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको वारेमा समीक्षा गरियो ।

निर्णय नं २ : प्रस्ताव नं. २ उपर छलफल गर्दा निकट भविष्यमा आउन सक्ने मनसुन जन्य विपद पूर्व तयारीको लागि विपद व्यवस्थापन कोषमा रहेको रकम मध्येवाट रु १० लाखको पाईप खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं. ३ उपर छलफल गर्दा तपशिल वमोजिमको स्थानीय राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१.संयोजक -नगर उप प्रमुख  श्री मसली मायाँ थोकर

२.सदस्य- प्रमुख प्रशासकीय अधिकृत श्री दिनेशराज पन्त

३. सदस्य- वडा नं. ४ का वडा अध्यक्ष श्री लाल प्रसाद भट्टराई

४.सदस्य- का.पा. सदस्य श्री रन्जिला श्रेष्ठ

५. घरेलु तथा साना उद्योग कार्यालय, गोरखा ।

६. सदस्य- गोरखा उद्योग बाणिज्य संघ गोरखाका अध्यक्ष वा प्रतिनिधि

७. सदस्य- चेम्वर अफ कमर्स गोरखाका अध्यक्ष वा प्रतिनिधि

८.. सदस्य सचिव श्री किरण कट्टेल, राजश्व शाखा गो.न.पा. गोरखा ।

निर्णय नं ४ : प्रस्ताव नं. ४ उपर छलफल गर्दा तपशिल वमोजिमको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१.संयोजक -नगर प्रमुख  श्री कृष्ण बहादुर राना मगर

२.सदस्य- नगर उप प्रमुख श्री मसली माया थोकर

३. सदस्य- वडा नं. ६ का वडा अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठ

४.सदस्य- का.पा. सदस्य श्री पम्फा गान्धारी

प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

५. सदस्य- का.पा. सदस्य श्री सिता मग्राती

६. सदस्य-का.पा. सदस्य श्री राम बहादुर रम्तेल

७. सदस्य सचिव -प्रमुख प्रशासकीय अधिकृत श्री दिनेशराज पन्त

निर्णय नं ५ : प्रस्ताव नं. ५ उपर छलफल गर्दा तपशिल वमोजिमको अनुगमन तथा सुपरिवेक्षेण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१.संयोजक -नगर उप प्रमुख श्री मसली मायाँ थोकर

२.सदस्य- प्रमुख प्रशासकीय अधिकृत श्री दिनेशराज पन्त

३. सदस्य- वडा नं. ५ का वडा अध्यक्ष श्री खिल बहादुर राना

४.सदस्य- का.पा. सदस्य श्री अप्सरा नेपाली

५.. सदस्य सचिव- श्री जानुका कुँवर, योजना शाखा गो.न.पा. गोरखा ।

निर्णय नं ६ : प्रस्ताव नं. ६ उपर छलफल गर्दा तपशिल वमोजिमको आर्थिक विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१.संयोजक - वडा नं १ वडा अध्यक्ष श्री हिक्मत बहादुर कुँवर

२. सदस्य- का. पा . सदस्य श्री पवित्रा वि.क

३.सदस्य- का.पा. सदस्य श्री पम्फा गान्धारी

४.सदस्य सचिव- श्री निलकण्ठ पाण्डेय, आर्थिक प्रशासन शाखा, गो.न.पा. गोरखा ।

निर्णय नं ७ : प्रस्ताव नं. ७ उपर छलफल गर्दा तपशिल वमोजिमको पूर्वाधार विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१.संयोजक - वडा नं ११ वडा अध्यक्ष श्री राम बहादुर खड्का

२. सदस्य- वडा नं १० वडा अध्यक्ष श्री प्रदिप कुँवर

३. सदस्य- का.पा.सदस्य श्री सिता मग्राती

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

४. सदस्य सचिव- ई .श्री प्रकाश ढकाल, पूर्वाधार विकास शाखा गो.न.पा. गोरखा ।

**निर्णय नं ८ :** प्रस्ताव नं. ८ उपर छलफल गर्दा तपशिल वमोजिमको सामाजिक विकास समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१.संयोजक - वडा नं २ वडा अध्यक्ष श्री रहम तुल्ला मिया

२. सदस्य- वडा नं ८ वडा अध्यक्ष श्री ऋषिराम खत्री

३.सदस्य- वडा नं १३ वडा अध्यक्ष श्री मित्रा परियार

४.सदस्य सचिव- श्री विजय भक्त उपाध्याय, सामाजिक विकास शाखा गो.न.पा. गोरखा ।

**निर्णय नं ९ :** प्रस्ताव नं. ९ उपर छलफल गर्दा तपशिल वमोजिमको वन , वातावरण तथा विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१.संयोजक - वडा नं ७ वडा अध्यक्ष श्री विष्णु प्रसाद श्रेष्ठ

२. सदस्य- वडा नं ३ वडा अध्यक्ष श्री चुल बहादुर कुँवर

३. सदस्य- का.पा.सदस्य श्री कमला भट्ट

४. सदस्य सचिव- श्री ध्रुव प्रसाद घिमिरे, वन बातावरण शाखा गो.न.पा. गोरखा ।

**निर्णय नं १० :** प्रस्ताव नं. १० उपर छलफल गर्दा तपशिल वमोजिमको सुशासन तथा संस्थागत विकास समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१.संयोजक - वडा नं ९ वडा अध्यक्ष श्री कुल बहादुर कुँवर

२. सदस्य- वडा नं १४ वडा अध्यक्ष श्री गोपाल बहादुर थापा

३. सदस्य- का.पा.सदस्य श्री पवित्रा वि.क

४. सदस्य सचिव- श्री चेत प्रसाद अंगाई, प्रशासन शाखा, गो.न.पा. गोरखा

**निर्णय नं ११ :** प्रस्ताव नं. ११ उपर छलफल गर्दा तपशिल वमोजिमको वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

१.संयोजक -नगर उप प्रमुख श्री मसली मायाँ थोकर

२.सदस्य- प्रमुख प्रशासकीय अधिकृत श्री दिनेशराज पन्त

३. सदस्य- सामाजिक विकास समिति संयोजक श्री रहम तुल्ला मिया -वडा अध्यक्ष वडा नं २

४.सदस्य- वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री विष्णु प्रसाद श्रेष्ठ -वडा अध्यक्ष वडा नं. ७

५.सदस्य- आर्थिक विकास समिति संयोजक श्री हिक्मत बहादुर कुँवर -वडा अध्यक्ष वडा नं १

६.सदस्य- पूर्वाधार विकास समिति संयोजक श्री राम बहादुर खड्का -वडा अध्यक्ष वडा नं ११

७.सदस्य- सुशासन तथा संस्थागत विकास समिति संयोजक श्री कुल बहादुर कुँवर -वडा अध्यक्ष वडा नं. ९

८.सदस्य सचिव - श्री जानुका कुवर , योजना शाखा, गो.न.पा. गोरखा ।

**निर्णय नं १२ :** प्रस्ताव नं. १२ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. १३ को अजिङ्गरे घाट र वडा नं. १४ को शाह घाटमा नदिजन्य पदार्थ उत्खननका लागि अभियान कन्ट्रक्सनको नाममा ठेक्का स्वीकृत भई सम्झौता समेत भई सकेको अवस्थामा वडा नं. १३ को अजिङ्गरे घाटको ५०० मिटर भित्र पक्की पुल निर्माण भएको र स्थानीयवासीको अवरोधका कारण उत्खनन् गर्न नसकेको साथै हिसाव मिलान गरी वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी मिति २०७९।०२।२३ गतेको फर्मको निवेदन सम्बन्धमा निज अभियान कन्ट्रक्सनको नाममा अजिङ्गरे घाटको फिर्ता गर्नु पर्ने राजश्व रु ४,५५,०००। शाहा घाटको राजश्व बुझाउनु पर्ने ४,३०,०००। भएकोमा सो को हिसाव मिलान गरी उक्त फर्मले माछापुच्छ्रे वैकको यस न.पा.मा पेश गरेको वैंक ग्यारेन्टी अजिङ्गरे घाटको वैक ग्यारेन्टी नम्मर 017PBGTE7900489 को ४,५५,०००। र शाहा घाटको वैक ग्यारेन्टी नं. 017PBGTE7900490 को रु ४,३०,०००। वैक ग्यारेन्टी फुकुवा गरिदिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

२०७९।२।१२
कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल